# चौतारा साँगाचोकगढी नगरपालिका
## नगर कार्यपालिकाको कार्यालय
चौतारा, सिन्धुपाल्चोक

बागमती प्रदेश, नेपाल

पत्र संख्याः २०७७/०७८
चलानी नम्बरः

## प्राविधिक सहायक करारमा पदपूर्ति गर्ने सम्बन्धी सूचना
**(प्रथम पटक प्रकाशित मिति :- २०७७/०४/२१)**

प्रस्तुत विषयमा श्रम रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालय (प्रधानमन्त्री रोजगार कार्यक्रम) प.स. २०७७/७८ च.नं PMEP/23 को मिति २०७७/०४/१२ को पत्रानुसार यस चौतारा साँगाचोकगढी नगरपालिकामा सञ्चालित रोजगार सेवा केन्द्रको लागि आवश्यक प्राविधिक सहायक पद करारमा पदपूर्तिका लागि निम्न बमोजिम योग्यता पुगेका इच्छुक नेपाली नागरिकले १५ दिन भित्र माग बमोजिमका विवरण र राजश्व तिरेको रसिद सहित यस कार्यालयमा निवेदन दिनुहुन अनुरोध छ।

| क्र.स | विज्ञापन नं. | पद | तह | संख्या |
|---|---|---|---|---|
| १ | १/०७७/०७८ | प्राविधिक सहायक | स्थानिय सेवाको पाँचौ तह सरह | १ |

१. **आवश्यक न्यूनतम योग्यता र अनुभव :-**
   (क) **शैक्षिक योग्यता :-** सिभिल इन्जिनियरिङमा प्रविणता प्रमाण पत्र तह वा ओभरसियर वा डिप्लोमा तह उत्तिर्ण भएको
   (ख) **अनुभव र सीप (प्राविधिक सहायकमा देहायका अनुभव र सीप आवश्यक पर्ने छ) :-**
   - कम्तीमा ३ महिने तालिम लिई आधारभूत कम्प्युटर सीप भएको,
   - पूर्वाधारको निर्माण र मर्मतका लागि आयोजनाको लागत अनुमान, सुपरीवेक्षण र अन्तिम लागत विवरण तयार गर्न सक्ने र विश्लेषण गर्न सक्ने, आयोजनाको लक्ष्य र परिणाम हासिल गर्न टोलीमा काम गरेको अनुभव, पारस्परिक सम्बन्ध सम्बन्धी सीप सहित कम्तीमा ६ महिनाको अनुभव भएको,

   (ग) **उमेर :-** कम्तीमा १८ वर्ष पुरा भई ४५ वर्ष ननाघेको,

२. **दरखास्त दिने स्थान :-** चौतारा साँगाचोकगढी नगरपालिकाको कार्यालय,
३. **दरखास्त दिने अन्तिम मिति :-** २०७७/०५/०३ गते
४. **आवेदन दस्तुर :-** रु ५००/- (अक्षेरुपी : पाँच सय रुपैयाँ मात्र)
५. **छनौट किसिम :-** प्रारम्भिक योग्यताक्रमको सुची प्रकाशन र लिखित परीक्षा,
६. **आवेदन साथ संलग्न गर्नुपर्ने कागजातहरु :-** आवेदक स्वयंले प्रमाणित गरेको देहाय बमोजिक कागजको प्रतिलिपिहरु
   - नागरिकताको प्रतिलिपि,
   - न्युनतम योग्यताको लब्धांक प्रमाण पत्र प्रतिलिपि,
   - चारित्रिक प्रमाण पत्रको प्रतिलिपि,
   - अनुभव खुल्ने कागजातको प्रतिलिपि,
   - २ प्रति पासपोर्ट आकारको फोटो,

७. **सेवा सुविधा:-** गाँउपालिका तथा नगरपालिकामा प्राविधिक सहायक पदपूर्ति सम्बन्धी प्रक्रिया को दफा (११), (१२) र (१३) बमोजिम हुनेछ।
८. **पदले सम्पादित गर्नुपर्ने कार्य विवरण:-** गाँउपालिका तथा नगरपालिकामा प्राविधिक सहायक पदपूर्ति सम्बन्धी प्रक्रिया को दफा (९), बमोजिम हुनेछ।

***नोटः- आवेदनको ढाँचा र प्राविधिक सहायक पदको कार्य विवरण लगायत अन्य जानकारी यस नगरपालिकाको आधिकारीक वेव साइट chautaramun.gov.np मा उपलब्ध छ।***

प्रमुख प्रशासकीय अधिकृत
चौतारा साँगाचोकगढी नगरपालिका

http://chautaramun.gov.np/ chautaramun@gmail.com ०११-६२०४७७, ३१३ ०११-६२००४७